कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

बागमती प्रदेश

प.सं. २०८३/०८४

च.नं. :

फोनः ०१०-५४२०१९

**विषय : अण्डा उपलब्ध गराउने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०८)

कालिका गाउँपालिका रसुवाको आ.व. २०८३/०८४ को गाउँपालिका तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कालिका गाउँपालिका भित्रका गर्भवती भएको ९१ दिन देखि सुत्केरी भएको ४५ दिन सम्मका गर्भवती तथा सुत्केरी आमाहरुलाइ नियमित गर्भजाँच तथा सुत्केरी जाँच गराउन आउँदा सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट दैनिक एक वटाको दरले अण्डा उपलब्ध गराउँदै आएको कार्यक्रमलाइ यस आर्थिक वर्षमा पनि नियमित उपलब्ध गराउन अण्डा उत्पादन गरेको २१ दिन भित्रका ताजा अण्डा प्रति बाक्सा १३ के.जि. तौलमा नघट्ने गरि यस गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुलाइ उपलब्ध गराउन इच्छुक कुखुरापालक फर्म वा व्यवासायीहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र कालिका गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको कागजात सहित सूचीकृत भई के-कति दररेटमा उपर्यूक्त अनुसारको अण्डा उपलब्ध गराउन सकिन्छ, सो सम्बन्धमा सिलबन्दी प्रस्ताव समेत पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल :

१. सक्कल निवेदनको साथ दररेट,

२. फर्म वा व्यवसाय दर्ता,

३. प्यान/भ्याट दर्ता

४. आ.व. २०८१/०८२ को कर चुक्ता ।

(नोट : थप जानकारीको लागि कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ । सम्पर्क व्यक्ती : नवराज न्यौपाने, स्वास्थ्य शाखा प्रमुख/फोन नं. ९८५११८६५७०)

२०८३/०६/०८

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत